रू.२,००,००,००,०००/- रकम बराबर प्रति शेयर रू १००/- अंकित मुल्यका २ करोड कित्ता (जसमध्ये ४ लाख कित्ता शेयर कम्पनीका कर्मचारीहरूलाई र १० लाख कित्ता शेयर सामूहिक लगानी कोषको लागि संरक्षण गरिएको) बांकी रहेको १ करोड ८६ लाख कित्ता साधारण शेयरहरूको सार्वजनिक निष्काशन।

स्वीकृत विवरणपत्रमा उल्लेख भए अनुसार सामूहिक लगानी कोषलाई छुट्टयाइएको १० लाख कित्ता शेयर ६ वटा सामुहिक लगानी कोषबाट माग गरे बमोजिम बाँडफाँड गरिएको छ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर : ५० कित्ता
दरखास्त दिन पाइने अधिकतम शेयर : ५०,००,००० कित्ता

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
Jalvidhyut Lagani Tatha Bikash Company Limited
बबरमहल, काठमाण्डौ
फोन नं.४२५७०२५, ४२५७०२४ फ्याक्स नं.४२६१०६०
URL: www.hidcl.org.np, email: info@hidcl.org.np

को

साधारण शेयर निष्काशन आव्हान-पत्र

साधारण शेयर बिक्री खुल्ला अवधि :

निष्काशन खुल्ला मिति: २०७२/०७/१२
निष्काशन बन्द हुने मिति (छिटोमा): २०७२/०७/१६ (बैकिङ्ग समय पश्चात)
बन्द हुने मिति (अन्तिम): २०७२/०७/२९ (बैकिङ्ग समय पश्चात)

आवेदनसाथ बुझाउनु पर्ने रु.१००/- (रु.एक सय) को दरले माग गरिएको ।

यो विवरण-पत्र नभई केवल आव्हान पत्र मात्र हो ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत प्राप्त मिति : २०७२/०५/२८, श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति : २०७२/०६/०१

१) कम्पनीको नाम :
जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड । (Jalvidhyut Lagani Tatha Bikash Company Limited)

२) कम्पनीको ठेगाना :
यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ११ बबरमहलमा रहेको छ।

३) कारोवार स्थान :
यस कम्पनी जलविद्युत लगानी तथा विकासको क्षेत्रमा देशभरी आफनो कार्यक्षेत्र रहने गरि काय गर्नेछ।

४) कम्पनीको संक्षिप्त परिचय :
नेपाल सरकारबाट जलविद्युतको क्षेत्रमा लगानी गर्ने उदेश्यका साथ एकमात्र संस्था जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८।०३।२७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीको प्रमुख उद्देश्य जलविद्युत क्षेत्रमा लगानी गर्नु तथा जलविद्युत सम्बन्धी पुर्वाधारको विकासमा योगदान गर्ने भएकाले हालसम्म कम्पनीले उल्लेख्य रुपमा यस क्षेत्रमा कर्जा लगानी गर्ने प्रतिवद्धता जनाएको छ। हालसम्म, विभिन्न बैंकहरु मार्फत सहवित्तीयकरण अन्तर्गत सहभागी यस कम्पनीले कर्जा प्रवाह तथा कर्जा प्रवाहको प्रतिवद्धता गरिसकेका निर्माणाधीन आयोजनाहरु आठ (८) वटा पुगेका छन् जसको कूल प्रस्तावित जडित क्षमता २७१.१ मेगावाट रहेको छ।

- कम्पनीको आफ्नो वित्तीय श्रोतबाट लगानी गर्न लागिएका आयोजनाहरु बाहेक ताप्लेजुङ्ग र पाँचथर जिल्लामा कावेली इनर्जी लिमिटेडले निर्माण गर्न लागेको ३७.६ मेगावाट क्षमताको कावेली-ए जलविद्युत आयोजनाको लागि विश्व बैंकबाट नेपाल सरकारलाई प्राप्त हुने ४० मिलियन अमेरिकी डलर उक्त आयोजनालाई यस कम्पनी मार्फत सहायक ऋणको रुपमा उपलब्ध गराउन विश्व बैंक, नेपाल सरकार तथा कावेली इनर्जी लिमिटेडबीच सम्झौता सम्पन्न भएको छ। सम्झौता बमोजिम यस कम्पनीले तयार गर्नुपर्ने विभिन्न पूर्वाधार, सहायक ऋण सम्झौता एवं मानव संसाधन व्यवस्थापन गर्ने कार्य भइरहेको छ।
- यस कम्पनी समेत प्रवर्द्धकको रुपमा रहने गरी स्थापित पावर ट्रान्समिशन कम्पनी नेपाल लिमिटेडबाट प्रसारण लाईनको विस्तारित कार्य द्रुत गतिमा अगाडि बढिरहेको छ भने अन्य विभिन्न जलविद्युत आयोजनाहरुको विकास तथा व्यवस्थापनमा समेत कम्पनी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहेको छ।
- कम्पनीले रेमिट हाईड्रो लिमिटेड नामक सहायक कम्पनी स्थापनागरेको छ र उक्त कम्पनीले ताप्लेजुङ्ग जिल्लामा अवस्थित करिब १२५ मेगावाटका दुई आयोजना निर्माण गर्नका लागि विद्युत विकास विभागमा सर्भे लाईसेन्सको लागि निवेदन दिएको छ।

५) शेयर पूंजी संरचना :
(क) **पुँजीको संरचना**

१. **अधिकृत पुँजीः** कम्पनीको अधिकृत पुंजी रु. ५०,०००,०००,०००/- (पचास अर्ब) रहेको छ। जसलाई प्रति शेयर अंकित मुल्य रु.१०० का दरले ५०,००,००,००० (पचास करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

२. **जारी पुँजी** : कम्पनीको जारी पुँजी रु. १०,००,००,००,०००/- (दश अर्ब) रहेको छ जसलाई प्रति शेयर अंकित मुल्य रु १०० का दरले १०,००,००,००० (दश करोड) कित्ता शेयरमा विभाजन गरिएको छ।

३. **चुक्ता पुँजी** : हाल कम्पनीको चुक्ता पुँजी रु. ८,००,००,००,०००/- (आठ अर्ब) रहेको छ जसलाई प्रति शेयर अंकित मुल्य रु.१०० का दरले ८,००,००,००० (आठ करोड) कित्ता शेयरमा विभाजन गरिएको छ। सर्वसाधारणलाई छुट्याइएको पुरे शेयर निष्काशन भएपछि कम्पनीको चुक्ता पुंजी रु. १०,००,००,००,००० (दश अर्ब) रहनेछ।

६) सर्बसाधारणलाई शेयरको सार्वजनिक निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने कम्पनीको चूक्ता पूँजी संरचना :
सर्वसाधारण (सामुहिक लगानी कोष तथा कम्पनीमा कार्यरत कर्मचारी समेत) लाई शेयर निष्काशन गरी वाडँफाँड गरे पश्चात कम्पनीको पुंजी संरचना देहाय बमोजिम रहने छ।

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता पूँजी रकम	भुक्तानी प्रतिशत
क १	संस्थापक श्री नेपाल सरकार, अर्थ मन्त्रालय	२,००,००,०००	२०%	२,००,००,००,०००	शत प्रतिशत
क १	संस्थापक श्री नेपाल सरकार, उर्जा मन्त्रालय	१,००,००,०००	१०%	१,००,००,००,०००	शत प्रतिशत
क १	संस्थापक श्री नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदिय मामिला मन्त्रालय	१,००,००,०००	१०%	१,००,००,००,०००	शत प्रतिशत
क १	संस्थापक श्री महालेखा नियन्त्रकको कार्यालय	१,००,००,०००	१०%	१,००,००,००,०००	शत प्रतिशत
क २	संस्थापक श्री कर्मचारी संचय कोष	१,००,००,०००	१०%	१,००,००,००,०००	शत प्रतिशत
क २	संस्थापक राष्ट्रिय बीमा संस्थान	१,००,००,०००	१०%	१,००,००,००,०००	शत प्रतिशत
क २	संस्थापक नागरिक लगानी कोष	१,००,००,०००	१०%	१,००,००,००,०००	शत प्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु	२,००,००,०००	२०%	२,००,००,००,०००	
	जम्मा	१०,००,००,०००	१००%	१०,००,००,००,०००	

७) यो आव्हान-पत्र अनुसार निष्काशन गरिएको साधारण शेयर रकम :
यो आव्हान-पत्रद्वारा रु.२,००,००,००,०००।- (दुई अरब मात्र) बराबरको प्रति शेयर रु.१००।- अंकित दरको २ करोड कित्ता साधारण शेयरको बिक्री खुल्ला गरिएको छ। संस्थापक तथा सगठित संस्थाबाट जारी पूजीको शत प्रतिशत रकम भुक्तानी भैसकेको हुनाले सर्वसाधारणहरुबाट समेत रु.१००।- प्रति शेयरका दरले दरखास्त साथ माग गरिएको छ।

८) कम्पनीको विवरण-पत्र, प्रवन्ध पत्र तथा नियमावली प्राप्त गर्न सकिने ठाउँ::
कम्पनीको विवरण-पत्र, प्रवन्ध-पत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, बबरमहल, काठमाण्डौवा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ वा सह निष्काशन तथा बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौ वा सह निष्काशन तथा बिक्री प्रवन्धक श्री एनसिएम मर्चेन्ट बैंकिङ्ग लिमिटेड, कमलपोखरी, काठमाण्डौ मा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

९) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा
यस विवरण मार्फत हाल निष्काशन गरिने २ करोड कित्ता साधारण शेयर मध्ये ४,००,००० कित्ता शेयर कर्मचारीहरुलाई र १०,००,००० कित्ता शेयर सामूहिक लगानी कोषको लागि सरक्षण गरिएको र बाँकी १,८६,००,००० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको छ।

१०) कम्पनीका वर्तमान संचालकहरुको परिचय :

क्र.सं.	नाम	उमेर	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता र अनुभव	प्रतिनिधित्व गर्ने संस्था
१	श्री राजेन्द्र किशोर क्षेत्री	५५	नेपाली	१३६।३५ सुनार गाउ, कालिमाटी, काठमाण्डौ	एल.एल.एम., पोष्ट ग्राडुयट डिप्लोमा (अन्तर्राष्ट्रिय कानुन) २५ वर्ष भन्दा बढिको सरकारी सेवाको अनुभव ।	नेपाल सरकार, उर्जा मन्त्रालय
२	श्री रामशरण पुडाशैनी	५१	नेपाली	नयाँबानेश्वर, काठमाण्डौ	एम.बि.ए., २७ वर्ष भन्दा बढिको सरकारी सेवाको अनुभव जसमध्ये २० वर्ष भन्दा बढि अर्थ मन्त्रालय र अन्तर्गत कार्यरत ।	नेपाल सरकार, अर्थ मन्त्रालय
३	श्री योगेन्द्र गौचन	५३	नेपाली	कुलेश्वर, काठमाण्डौ	एम.बि.ए., २९ वर्ष भन्दा बढिको सरकारी सेवा अन्तर्गत वित्तिय व्यवस्थापनको अनुभव ।	नेपाल सरकार,अर्थमन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय
४	श्री रामकृष्ण पोखरेल	५२	नेपाली	बुढानिलकण्ठ, काठमाण्डौ	एम.एस., ३० वर्ष भन्दा बढिको व्यवसायिक अनुभव जसमध्ये २० वर्षको वित्तिय क्षेत्रको अनुभव ।	नागरिक लगानी कोष
५	श्री पराक्रम शर्मा	४५	नेपाली	त्रिपुरेश्वर, काठमाण्डौ	सि.ए., २० वर्ष भन्दा बढिको अनुभव ।	स्वतन्त्र सचालक
६	श्री मेग बहादुर विश्वकर्मा (डा. इन्ज.)	५२	नेपाली	कलकी १४, काठमाण्डौ	विद्यावारिधी (इन्जिनियरीङ), २६ वर्ष भन्दा बढिको अनुभव ।	व्यवसायिक संचालक (जलविद्युत विशेषज्ञ)

नोटः कम्पनीको सञ्चालक समितिको बैठकमा श्री नागरिक लगानी कोषको प्रतिनिधि रहेकोमा शेयर निष्काशन प्रक्रिया सुरु भए पश्चात शेयर बाँडफाँड नहुनजेल सञ्चालकको प्रतिनिधिमा नरहने व्यवस्था रहेको छ।

संगठित संस्थापकहरुको विवरण

संस्थापक शेयरधनीहरु	ठेगाना	शेयर संख्या
नेपाल सरकार, अर्थ मन्त्रालय	सिंहदरबार, काठमाण्डौ	२,००,००,०००
नेपाल सरकार, उर्जा मन्त्रालय	सिंहदरबार, काठमाण्डौ	१,००,००,०००
नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदिय मामिला मन्त्रालय	सिंहदरबार, काठमाण्डौ	१,००,००,०००
महालेखा नियन्त्रकको कार्यालय	अनामनगर, काठमाण्डौ	१,००,००,०००
कर्मचारी सचय कोष	पुल्चोक, ललितपुर	१,००,००,०००
राष्ट्रिय बीमा संस्थान	रामशाहपथ, काठमाण्डौ	१,००,००,०००
नागरिक लगानी कोष	बानेश्वर, काठमाण्डौ	१,००,००,०००

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	शैक्षिक योग्यता र अनुभव	कम्पनीमा लिएको शेयर संख्या
१	श्री दिपक रौनियार	प्रमुख कार्यकारी अधिकृत	MBA, M. Computing वित्तीय क्षेत्रमा करिब १९ बर्षको अनुभव	छैन
२	श्री मुक्तिबोध न्यौपाने	नायब महाप्रबन्धक (वित्त)	CA, वित्तीय क्षेत्रमा करिब ९ वर्षको अनुभव	छैन
३	श्री रामकृष्ण खतिवडा	वित्त विश्लेषक	CFA, ChE, MBS, वित्तीय क्षेत्रमा करिब १४ बर्षको अनुभव	छैन

११) संचालक समितिमा हुने प्रतिनिधित्व सम्वन्धी व्यवस्था :
सञ्चालक समितिको संरचना, सञ्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीमा २ जना स्वतन्त्र सचालक सहित ७ जना संचालक रहेको सचालक समिति रहने व्यवस्था गरेको छ। उक्त नियमावली अनुसार संस्थापक शेयरधनीहरु मध्येबाट ४ जना संचालक, १ जना स्वतन्त्र संचालक, १ जना व्यवसायिक संचालक (जलश्रोत विज्ञ) तथा सर्वसाधारण शेयरधनीहरुबाट १ जना संचालक हुने व्यवस्था गरेको छ।

यस कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

शेयरधनी	संचालक संख्या	शेयर स्वामित्व
नेपाल सरकार, अर्थ मन्त्रालयबाट	१ जना	२० प्रतिशत
नेपाल सरकार, उर्जा मन्त्रालयबाट	१ जना	१० प्रतिशत
नेपाल सरकार, कानून, न्याय, संविधानसभा तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयबाट पालोक्रम प्रत्येक दुई बर्षमा ।	१ जना	प्रत्येक निकायको १० प्रतिशत
कर्मचारी सचयकोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वको आधारमा पालोक्रम बार्षिक रुपमा ।	१ जना	प्रत्येक निकायको १० प्रतिशत
सर्वसाधारण शेयरधनीहरुबाट	१ जना	२० प्रतिशत
स्वतन्त्र सञ्चालक (चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ)	१ जना	-
व्यावसायिक (जलविद्युत विशेषज्ञ) सञ्चालक	१ जना	-
जम्मा	**७ जना**	

संचालक हुनको लागि कम्पनीको कम्तीमा १०० कित्ता शेयर लिनु पर्नेछ। तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालक र स्वतन्त्र संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

१२) लिनुपर्ने न्युनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :
शेयर खरिदको लागि आवेदन दिन इच्छुक आवेदकले कम्तिमा ५० (पचास) कित्ता साधारण शेयर खरिदका लागि आवेदन दिनुपर्नेछ। ५० कित्ता भन्दा बढी साधारण शेयरका लागि आवेदन दिंदा १० अङ्कको गुणन संख्यामा अधिकतम ५० लाख कित्ता साधारण शेयर लागि आवेदन दिन सक्नेछन्।

आवेदकले आवेदन साथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००।- का दरले हुन आउने रकम बराबरको बैंक भौचर भरी तोकिएको बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफट संलग्न गरेको हुनुपर्नेछ।

१३) विगत वर्षहरुको वास्तविक वित्तिय विवरण तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तिय विवरण:

वासलात (रु. हजारमा)

विवरण	वास्तविक			
सम्पत्ति	**२०६८/०६९**	**२०६९/०७०**	**२०७०/०७१**	**२०७१/०७२****
नगद तथा बैंक मौज्दात	६८,६८,९१२।५२	८७,६९,२४०।५५	८७,६२,६४२।२८	८६,१५,६३४।७८
अग्रिम भुक्तानी तथा प्राप्त गर्न बांकी	१२,७८६।३५	१२,४७४।९९	३०,७८१।१९	२९,८०१।७९
अन्य सम्पत्ति	३।१८	१०२।१२	३।७५	२,६०१।००
लगानी	-	-	८,४००।००	८६,४००।००
स्थगन आयकर सम्पत्ति	१०४।३२	२०८।४३	३३८।६१	४७५।२८
Intatngible सम्पत्ति	१२१।९८	९२।९६	६३।९४	९२।४२
स्थिर सम्पत्ति	४,६९०।९८	१०,५६३।६५	९,३५०।०५	१२,९०६।४६
जम्मा	**६८,८६,६१९।३२**	८७,९२,६८२।७०	८८,११,५७९।८२	८७,४८,७४१।७३
पूँजी तथा दायित्व				
तिर्न बांकी हिसाब	२९०।९२	३७२।४६	९११।८४	१,३५,४।४३
भुक्तानी गर्नुपर्ने आयकर	३१,१०८।७८	१९,५८८।०६	४,३२८।४७	२,०६६।२७
अन्य व्यवस्थाहरु	-	-	१६३।७१	३३८।९५
जम्मा दायित्व	**३१,३९९।७०**	**१९,९६०।५२**	**५,४०४।०२**	**३,७५९।६५**
शेयर कोष				
शेयर पूँजी	६,५०,००,०००।००	८,००,००,०००।००	८,००,००,०००।००	८,००,००,०००।००
साधारण जगडा कोष	७१,०४३।९२	१,५४,५४४।४५	२,४१,२३५।१६	३,०८,९९६।४२
संचित मुनाफा	२,८४,०७१।३८	६,१७,९६९।३२	५,६४,६०२।०३	४,३५,५१०।३८
स्थगन आयकर जगेडा कोष	१०४।३२	२०८।४३	३३८।६१	४७५।२८
जम्मा शेयर कोष	**६८,५५,२१९।६२**	**८७,७२,७२२।२०**	**८८,०६,१७५।८०**	**८७,४४,९८२।०८**
जम्मा पूँजी तथा दायित्व	**६८,८६,६१९।३२**	**८७,९२,६८२।७०**	**८८,११,५७९।८२**	**८७,४८,७४१।७३**

नाफा नोक्सान हिसाब (रु. हजारमा)

विवरण	वास्तविक			
	२०६८/०६९	**२०६९/०७०**	**२०७०/०७१**	**२०७१/०७२****
ब्याज आय	५,१६,०३८।२२	६,१३,३१४।४३	६,३८,०१२।८०	५,३०,४३७।८८
सेवा शुल्क	-	३,४५१।३५	३,६७५।००	४,२३१।०७
अन्य आय	२९८।२६	१०५।१०	९४।४०	१०९।०३
जम्मा आय	**५,१६,३३६।४८**	**६,१६,८७०।८८**	**६,४१,७८२।१९**	**५,३४,७७७।९८**
प्रशासनिक खर्च	(६,७७०।३९)	(८,९४८।५७)	(१२,०६८।९२)	(३६,११७।९१)
कर्मचारी खर्च	(१,३६८।८५)	(३,२५,४।२५)	(७,९६५।९६)	(११,४०६।४३)
ह्रासकट्टी खर्च	(७४०।६४)	(२,४३७।३३)	(२,५२५।७८)	(३,१४०।५७)
कर अघिको नाफा	**५,०७,४५६।६०**	**६,०२,२३०।७२**	**६,१९,२२१।५३**	**४,८४,११३।०७**
यस बर्षको आयकर	(१,५२,३४१।२८)	(१,८४,७२८।१७)	(१,८५,७६७।९२)	(१,४५,३०६।७९)
कर पछिको नाफा	**३,५५,२१९।६२**	**४,१७,५०२।५५**	**४,३३,४५३।६२**	**३,३८,८०६।२८**
खुद मुनाफा/(नोक्सान) वासलातमा सारिएको	**३,५५,२१९।६२**	**४,१७,५०२।५५**	**४,३३,४५३।६२**	**३,३८,८०६।२८**

** आर्थिक वर्ष ०७१/७२ को वित्तीय विवरण कम्पनी आफैले तयार पारी व्यवस्थापनबाट प्रमाणित गरिएको हो।

प्रक्षेपित वासलात

विवरण	प्रक्षेपित वासलात (रु. हजारमा)		
	आ.व.२०७२/०७३	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५
पूँजी तथा दायित्व			
पूँजी तथा जगेडा कोष			
शेयर पूँजी	१,००,००,०००।००	१,००,००,०००।००	१,००,००,०००।००
जगेडा तथा बचत	५,६०,३४६।८६	५,०१,३८७।५१	४,९७,९३४।९०
मध्यम तथा दीर्घकालिन ऋण			
कुल जम्मा	**१,०५,६०,३४६।८६**	**१,०५,०१,३८७।५१**	**१,०४,९७,९३४।८९**
सम्पत्ति			
स्थिर सम्पत्ति	१,३२,२३१।३०	१,३०,४२५।७३	१,२८,८९३।४४
जम्मा स्थिर सम्पत्ति	**१,३२,२३१।३०**	**१,३०,४२५।७३**	**१,२८,८९३।४४**
लगानी	३,१२,०००।००	२०,८३,०००।००	४६,७९,६००।००
जम्मा लगानी	**३,१२,०००।००**	**२०,८३,०००।००**	**४६,७९,६००।००**
चालु सम्पत्ति			
जिन्सी मौज्दात			
धरौटी, पेश्की तथा अग्रिम भुक्तानी	२०,०००।००	२२,०००।००	२४,२००।००
नगद तथा बैंक मौज्दात	१,०१,०२,११५।५६	८२,७२,५६१।७८	५६,७२,५०१।४६
जम्मा	**१,०१,२२,११५।५६**	**८२,९४,५६१।७८**	**५६,९६,७०१।४६**
न्यून चालु दायित्व तथा व्यवस्था			
व्यापारिक तथा अन्य दायित्व	६,०००।००	६,६००।००	७,२६०।००
जम्मा	**६,०००।००**	**६,६००।००**	**७,२६०।००**
खुद चालु सम्पत्ति	**१,०१,१६,११५।५६**	**८२,८७,९६१।७८**	**५६,८९,४४१।४६**
अपलेखन गर्न बाँकी रकम			
कुल जम्मा	**१,०५,६०,३४६।८६**	**१,०५,०१,३८७।५१**	**१,०४,९७,९३४।८९**

प्रक्षेपित नाफा नोक्सान हिसाब

विवरण	प्रक्षेपित नाफा नोक्सान हिसाब (रु. हजारमा)		
	आ.व.२०७२/०७३	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५
ब्याज आम्दानी	५,५७,०५०।००	६,७१,८७१।६५	७,५२,२७२।३०
अन्य व्यावसायिक आम्दानी	२०,१००।००	२४,१२०।००	२८,९४४।००
कूल आम्दानी	**५,७७,१५०।००**	**६,९५,९९१।६५**	**७,८१,२१६।३०**
प्रशासकिय खर्च	(९३,८७८।६६)	(३०,४२७।७०)	(३३,४७०।२६)
कर्मचारी खर्च	(२९,०५२।६५)	(३२,६००।३१)	(३५,८६०।३४)
संचालन नाफा	**४,५४,२१८।६९**	**६,३२,९६३।६४**	**७,११,८८५।७०**
ब्याज खर्च			
ह्रास खर्च	(३,६९७।५८)	(२,९०५।५८)	(२,५३२।२९)
कर अघिको नाफा	**४,५०,५२१।११**	**६,३०,०५८।०६**	**७,०९,३५३।४१**
यस वर्षको आयकर	(१,३५,१५६।३३)	(१,८९,०१७।४२)	(२,१२,८०६।०२)
कर पछिको नाफा	३,१५,३६४।७८	४,४१,०४०।६४	४,९६,५४७।३९
विगत वर्षको नाफा/नोक्सानी समायोजित	७,४४,९८२।०८	५,६०,३४६।८६	५,०१,३८७।५१
लाभांश वितरण	(५,००,०००।००)	(५,००,०००।००)	(५,००,०००।००)
नाफा/नोक्सान वासलातमा सारेको	**५,६०,३४६।८६**	**५,०१,३८७।५१**	**४,९७,९३४।८९**

वित्तीय प्रक्षेपणका आधारहरु तथा तरिका :

विवरण	आ.व.२०७२/०७३	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५
१. पुँजि रकममा वृद्धि	२,००,००,००,०००	-	-
२. ऋणदाता संस्था बाट लिने कुल कर्जामा वृद्धि	-	-	-
३. स्थिर सम्पत्तिमा वृद्धि	१२,२१,००,०००	११,००,०००	१०,००,०००
४. कर्जामा औषत व्याजदर (प्रतिशतमा)	१०	१०	१०
५. व्याज आम्दानी गणना दिन	३६५	३६५	३६५
६. व्याज आम्दानी (प्रतिशतमा)	६	५।७५	५।७५
७. प्रशासनिक खर्चमा वृद्धिदर (प्रतिशतमा)	१०	१०	१०
८. अन्य खर्चमा वृद्धि	१०	१०	१०

१४) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:
कम्पनीले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन्।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :- ऋण तथा शेयर लगानीमा भुक्तान गर्न समस्या पर्ने
(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम : - लागू नहुने
(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- नयाँ बैंक, वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु।
- कम्पनीले प्रदान गरेका ऋण खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
- कम्पनीले लगानी गरेको परियोजनाहरु विभिन्न परिस्थितिले गर्दा समयमा नै निमार्ण हुन नसकेमा उत्पन्न हुने जोखिमहरु।
- ऋणको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :- सो नभएको
(ङ) विदेशी विनिमयको जोखिम :
- विदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने थपघट तथा देशको वैदेशिक व्यापार नीतिमा हुने परिवर्तनबाट उत्पन्न हुन सक्ने जोखिमहरु।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु : - नभएको।
(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने।
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु

(झ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम : नयाँ नयाँ सूचना प्रविधिहरुको विकास सँगै उत्पन्न हुन सक्ने जोखिमहरु।
(ट) अन्य :
(१) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
(२) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना:
कम्पनीको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि बैकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ। कम्पनीले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि/नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने कम्पनीको नीति रहेको व्यहोरा जानकारी गराउँछौं।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम
रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१५) धितोपत्रको बांडफांट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्थाः
(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया :
यस विवरण मार्फत जारी गरिएका शेयर खरिदको लागि प्राप्त आवेदनहरु धितोपत्र बाँडफाड सम्बन्धी निर्देशिका, २०६८ मा भएको प्रावधान अनुसार आवेदकमा धितोपत्र बाँडफाँड गरिनेछ। यसरी बाँडफाँड पश्चात् प्रचलित धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी व्यवस्था अनुसार निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई साधारण शेयरको प्रमाणपत्र वितरण गरी निष्काशित गरि शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सुचिकृत गरिनेछ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :
यस विवरण अनुसार जारी गरिएको साधारण शेयरहरुको बिक्री बन्द भएको मितिले धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धि नियममा भएको व्यवस्था अनुसार निर्धारित समय भित्र शेयरको बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा जनाईएको बाँडफाँड/पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने व्यवस्था गरिनेछ। यस विवरण-पत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरिदको लागि आवेदन प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको बाडफाड निर्देशिका, २०६८ अनुरुप बाँडफाँड गरिने छ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :
प्रचलित व्यवस्था अनुसार तोकिएको दिनभित्र साधारण शेयरको बाडफाड पत्र र फिर्ता भुक्तानी दिन नसकिएमा साधारण शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको अन्तिम व्याजदरको आधारमा हुन आउने व्याजसहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

(घ) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
यस विवरणमार्फत जारी गरिने साधारण शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारीत समयभित्र बाडफाड गरिपूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाई प्रचलित व्यवस्था अनुसार तोकिएको समय भित्र बाडफाडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाण/पत्र वितरण गरिनेछ।
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार सर्वसाधारण नेपालीहरुमा निष्काशन गरि बाडफाड गरेपश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमासूचीकरण गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाइने छ।

(ङ) धितोपत्र सुचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :
निष्काशन गर्ने साधारण शेयर सूचीकरण भइसकेको छैन। सर्वसाधारणलाई शेयर निष्काशन गरि बाडफाड गरेपश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडसग शेयर सुचिकरणको सम्झौता गरी उक्त सम्झौता अनुसार कारोबार गर्ने व्यवस्था मिलाइने छ।

(च) धितोपत्र सुचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरुप्रचलित ऐन, नियम अनुसार सहज खरीद विक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार सर्वसाधारण नेपालीहरुमा निष्काशन गरि बाडफाड गरेपश्चातनेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाइने छ।

१६) साधारण शेयर खरिदका लागि आवेदन दिंदा निवेदकले ध्यान दिनुपर्ने कुराहरु :
(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांस, हकप्रद शेयर, धितोपत्रवालको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदी सम्बन्धी विवरण :
धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालको अधिकारमा परिबर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदी सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ /गरिनेछ। साथै लाभांस, हकप्रद शेयर आदी सम्बन्धी विवरण कम्पनीले नियमित रुपमा आर्जन गर्ने मुनाफा तथा कम्पनीको पुजी योजना अनुसार प्रचलित कानुन बमोजिम हुनेछ।

(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्युनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाकमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय, बागमती अञ्चल, काठमाण्डौ जिल्ला, बबरमहल, काठमाण्डौ र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्रि प्रबन्धक नागरिक लगानी कोष, नयांबानेश्वर, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
२. रु. ५०,००० भन्दा बढि रकमका लागि आवेदन दिदा एकाउण्ट पेयी चेक मार्फत मात्र आवेदन रकम दिनुपर्नेछ।
३. प्रत्येक आवेदकले कम्तीमा ५० कित्ता शेयर खरिदका लागि आवेदन दिनुपर्नेछ।
४. ५० कित्ता भन्दा बढि शेयर आवेदन दिदा १० अकको गुणन संख्यामा अधिकतम ५० लाख कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्। यस्तो साधारण शेयरका लागि आवेदन दिदा आफुले खरिद गर्न चाहेको प्रति साधारण शेयर बापत रु. १०० का दरले हुन आउने एकमुष्ठ रकम दरखास्त साथ बुझाउनु पर्नेछ।

(ग) आवेदन दिदा पालना गर्न पर्ने शर्त बन्देजहरु :

१. कुनै पनि नेपाली नागरिक तथा नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले दरखास्त फारमसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
२. आवेदकले आवेदन फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ।
३. नाबालकको हकमा आमा/बाबुले सरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण/पत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।
४. आमा/बाबु बाहेक अन्य व्यक्ति सरक्षक भई कुनै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा आवेदन दिएको अवस्थामा कानून बमोजिम सरक्षकत्व ग्रहण गरेको प्रमाण अनिवार्य रुपमा दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ।
५. नाबालकको हकमा माथि बुँदा ग (३) र (४) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त सरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी सरक्षक स्वयंले प्रमाणित गरी दरखास्त फारमसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
६. आवेदन दिदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको शेयर संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
७. दरखास्तवाला, नाबालक समेतले स्वयको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर अनिवार्य रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ। आफ्नो खाता न. उल्लेख गर्दा Clearing house को सदस्य भएको बैंक तथा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ।
८. प्रत्येक आवेदकले कम्तीमा ५० कित्ता शेयर खरिदका लागि आवेदन दिनुपर्नेछ। ५० कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिदा १० अङ्कको गुणन संख्यामा अधिकतम ५०,००,००० कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन्। यस्तो साधारण शेयरका लागि आवेदन दिदा आफूले खरिद गर्न चाहेको प्रति साधारण शेयर वापत रु.१००/- का दरले हुन आउने एकमुष्ठ रकम दरखास्तसाथ बुझाउनु पर्नेछ।
९. रु. ५०,००० भन्दा बढी रकम शेयरका लागि आवेदन दिदा एकाउण्ट पेयी चेक मार्फत मात्र आवेदन रकम दिनुपर्नेछ।
१०. आवेदकले सार्वजनिक निष्काशनका क्रममा सकलन केन्द्र नभएको जिल्लाहरुबाट आवेदन दिनुपरेमा आवेदनसाथ आफूले खरिद गर्न चाहेको शेयर संख्याको दरखास्तसाथ प्रति शेयर रु १००/- को दरले हुन आउने रकम बराबरको नागरिक लगानी कोषको नाममा खिचिएको बैंक ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। यसरी बैंक ड्राफ्ट मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदन फारममा सो ड्राफ्टको नम्बर र ड्राफ्टको पछाडि दरखास्त फाराम नम्बर र आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
११. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ।
१२. दरखास्तवालालाई रकम फिर्ता दिदा दरखास्त फारममा उल्लेख गरिएको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिईनेछ।
१३. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक भन्दा बढी आवेदन दिन पाइनेछैन। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ।
१४. सयुक्त रुपमा शेयर खरिद गर्नको लागि बढीमा दुई जनासम्मले मात्र सयुक्त नाममा आवेदन दिन सक्नेछन्। यसरी सयुक्त नाममा आवेदन दिने कसैले पनि शेयर खरिद गर्न पुनः छुट्टै अर्को आवेदन दिनसक्ने छैनन्। सयुक्त रुपमा आवेदन दिने आवेदकहरुसँग पत्राचार वा अन्य कुनै कार्य गर्दा आवेदन फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसँग गरिनेछ।
१५. प्रमाण-पत्र बुझ्न आउँदा र बाँडफाँडमा नपरेको शेयर बापतको रकम फिर्ता लिन आउँदा आवेदकले माथि बुँदा ग (१) तथा (५) बमोजिम दरखास्त फारमसाथ पेश गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपीको सक्कल प्रतिको आधारमा सही दरखास्तवाला पहिचान गरेर मात्र बाँडफाँडमा नपरेको शेयर बापतको रकम दरखास्तवालाले दरखास्त फारममा उल्लेख गरेको बैंक वा वित्तीय संस्थाको खातामा जम्मा हुने गरि रकम फिर्ता भुक्तानी दिइनेछ र शेयरको प्रमाण-पत्र वितरण गरिनेछ।
१६. कम्पनी वा संस्थाले शेयरका लागि आवेदन दिन चाहेमा कम्पनी वा संस्थाको दर्ता प्रमाण-पत्रको प्रतिलिपी र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय सहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ।
१७. साधारण शेयर खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयले दरखास्त फारममा दस्तखत गरी तोकिएको सकलन केन्द्रहरुमा साधारण शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका सकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारामबुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।
१८. रु. १० लाख भन्दा बढी आवेदन दिने आवेदकले अनिवार्य रुपमा प्यान न उल्लेख गर्नुपर्नेछ। यस अतिरिक्त रु १० लाख वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले सम्पति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१७) धितोपत्र बिक्री खुल्ला अवधी :
यस विवरण-पत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि बढीमा १५ दिनको हुनेछ। प्रत्येक विकास क्षेत्रमा कम्तिमा एक सकलन केन्द्रको व्यवस्था गरिएको अवस्थामा भने कम्तिमा ४ कार्य दिन शेयर बिक्री खुल्ला रहनेछ।

१८) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :-

क्र.सं.	संकलन केन्द्रको नाम	ठेगाना	सम्पर्क व्यक्ति	फोन नम्बर
१.	*नागरिक लगानी कोष	नया बानेश्वर, काठमाण्डौ।	सगीता शर्मा	४७८५३१९
२.	एन.सि.एम मर्चेन्ट बैंकिङ्ग लि	कमलपोखरी, काठमाण्डौ।	अर्चना श्रेष्ठ	४४२८५५०
३.	एनएमबि क्यापिटल लि	बबरमहल, काठमाण्डौ।	प्रल्हाद श्रेष्ठ	४२५३०९६
४.	*नागरिक लगानी कोष	पोखरा	तिर्थकुमार थापा	०६१ ५३८०३०
५.	सहयोगी विकास बैंक लि	जनकपुर	सकल्प भट्टराई	०४१ ५२५९७२
६.	नेपाल एक्सप्रेस फाईनान्स लि	सुन्धारा, काठमाण्डौ	भोला सापकोटा	४२६८०५६
७.	मेट्रो डेभलपमेन्ट बैंक लि.	न्युरोड, पोखरा	पदम नाथ सुवेदी	०६१ ५२६३४७
८.	जेविल्स फाईनान्स लिमिटेड	न्युरोड, काठमाण्डौ।	रोशनी नकर्मी	४२४७२६४
९.	सिभिल क्यापिटल मार्केट लि	काठमाण्डौ प्लाजा, काठमाण्डौ।	कमल खत्री	४१६८६५४
१०.	सेन्ट्रल फाईनान्स लिमिटेड	कुपण्डौल, ललितपुर।	विद्या भुषण ध्वज जोशी	५५४४५१७
११.	सगरमाथा फाइनान्स लिमिटेड	मानभवन, ललितपुर।	कौशिला राई	५५४७८४१
१२.	इन्टरनेशनल लिजिङ्ग एण्ड फाईनान्स क.लि.	नया बानेश्वर, दाङ्ग	रसिक मानन्धर	४७८२०१०
१३.	लक्ष्मी क्यापिटल मार्केट लिमिटेड	नया बानेश्वर, काठमाण्डौ।	मिना लामा	४७८०२२२
१४.	एनआईबिएल क्यापिटल मार्कट्स लि.	लाजिम्पाट, काठमाण्डौ।	विशाल खनाल	४००५०८०
१५.	सिद्धार्थ डेभलपमेन्ट बैंक लि	नेपालगज	ध्रुव कार्कि	०८१ ५२४५०८
१६.	त्रिवेणी विकास बैंक लि.	धरान, विरगज, चितवन	विद्यानन्द चौधरी	०२५ ५३२८९४
१७.	इन्टरनेशनल डेभलपमेन्ट बैंक लि	टेकु, पोखरा, विराटनगर	अर्पण, पौडेल	४२१२८१४
१८.	यती डेभलपमेन्ट बै.लि	दरवारमार्ग, भक्तपुर, हेटौडा, इटहरी र बिर्तामोड	दिपान्जली खकुरेल	४२६८७१९
१९.	रिलायन्स लोटस फाइनान्स लि.	प्रदर्शनी मार्ग, काठमाण्डौ।	विष्णु बस्नेत	४२२३११७
२०.	सिद्धार्थ क्यापिटल लि	बबरमहल, काठमाण्डौ।	एलिना श्रेष्ठ	४२२६७९३
२१.	सिर्जना फाइनान्स लि	विराटनगर	मंजिल भट्ट	०२१ ४४०५३६
२२.	काठमाण्डु फाईनान्स लि	डिल्लीबजार, काठमाण्डौ।	प्रमिला तण्डूकार	४४३७४०१
२३.	ग्लोबल आईएमई क्यापिटल लि	नाचघर, काठमाण्डौ।	नलिना श्रेष्ठ	४२२२४६०
२४.	सेवा विकास बैंक लि	बुटवल	तेज प्रसाद न्यौपाने	०७१ ५४६९९३
२५.	अर्गनिको डेभलपमेन्ट बैंक लि	धुलिखेल, काभ्रेपलाञ्चोक	दुर्गा के.सी.	०११ ४९०१९३
२६.	ग्रोमोर मर्चेन्ट बैंकिङ्ग लि.	दरबारमार्ग, काठमाण्डौ।	रञ्जा साउत	४२२२९३९
२७.	एस क्यापिटल लि.	हात्तिसार, काठमाण्डौ।	रस्मी रिजाल	४४२६१६१
२८.	*नबिल इन्भेष्ठमेन्ट बैंकिङ्ग लि.	नक्साल, काठमाण्डौ।	राजिव गुप्ता	४४११६०४
२९.	मुक्तिनाथ डेभलपमेन्ट बैंक लि	धादिङ्ग	प्रतिमा थुलुङ्ग	०१० ५२०७०४
३०.	एपेक्स डेभलपमेन्ट बैंक लि	दरबारमार्ग, सुर्खेत	दिपेश ताम्राकार	४४२९८७६

*नागरिक लगानी कोष तथा नबिल ईन्भेष्ठमेन्ट बैंकिङ्ग लि.बाट चेकमात्र बुझिलिने व्यवस्था छ।

सार्वजनिक निष्काशन क्रममा संकलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोषको नाममा खिचिएको एकाउन्टपेयी ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी पठाएका निवेदनहरुलाई मात्र बाडफाँडमा समावेश गर्ने व्यवस्था रहेको छ। साधारण शेयर बिक्री बन्द भएको १५ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन।
ग) दरखास्त फारम प्राप्त गर्नका लागि रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

निष्काशन बैंकको नाम

क्र.सं.	नाम	ठेगाना	खाता नम्बर
१	सेञ्चुरी कमर्सियल बैंक लि	पुतलीसडक, काठमाण्डौ।	००१०००२३५६CA
२	लक्ष्मी बैंक लि	हात्तिसार, काठमाण्डौ।	००५३४०१००८५
३	एनएमबि बैंक लि.	बबरमहल, काठमाण्डौ।	००१००००२०५३F
४	लुम्बिनी बैंक	नक्साल, काठमाण्डौ	१०८२०८०५

साथै आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

१९) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :
यस सार्वजनिक निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ।

२०) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :
नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपालले यस कम्पनीद्वारा जारी गर्न लागेको सार्वजनिक निष्काशनलाई औषत आधारहरु (Fundamentals) जनाउने "(ICRANP) IPO Grade 3" प्रदान गरेको छ।

२१) दरखास्त फारामको नमूना

सि.नं.:
प्रति दरखास्त फारम रु. २/-

दरखास्त फारममा निवेदकको आफ्नो खाता रहेको बैंक वा वित्तिय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
Jalvidhyut Lagani Tatha Bikash Company Limited
बबरमहल, काठमाण्डौ
फोन नं.४२५७०२५, ४२५७०२४ फ्याक्स नं.४२६१०६०
URL: www.hidcl.org.np, email: info@hidcl.org.np
को

हालसालै खिचिएको फोटो (अनिवार्य)

शेयर खरीद दरखास्त फाराम

मार्फतः

कोड नं.:

श्री संचालक समिति
जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं।

महाशय,
त्यहाँले सञ्चालन गर्ने जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड को मिति २०७२/०५/२८ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको शर्तमा प्रति शेयर रु.१००/- अंकित दरका .... शेयर लिन इच्छुक भएकोले सो वापत रु. ....(अक्षरेपी ....) यसैसाथ पठाएको छु/छौं। त्यस योजनाको नियमानुसार गर्न मेरो/हाम्रो मन्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

माग गरेको शेयर संख्या		शेयर बापत जम्मा गरेको रकम	मिति २०७२/ /
रकम बुझाएको संस्थाको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.:	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम			
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.	
निवेदकको पुरा नाम	नेपालीमा: श्री/श्रीमती/सुश्री/नाबालक		
	In English: Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना / Permanent Address	घर नं./टोल / House No./Tole	वडा नं. / Ward No.	गा.वि.स./न.पा. / V.D.C./ Municipality; जिल्ला / District
सम्पर्क ठेगाना			
P.O.Box No.	Contact No.:	P.O.Box District:	नागरिकता प्रमाणपत्र नं.
PAN No.		BO ID (if any)	नागरिकता जारी गरेको स्थान:
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा		
	In English		USE CAPITAL LETTER
बाबुको नाम / Father's Name			
बाजेको नाम / Grandfather's Name			
पति/पत्नीको नाम			
संरक्षकको नाम (नावालकको हकमा) / Guardian's Name: (In case of Minor)			

द्रष्टव्यः
यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन। साथै मैले/हामीले यसै साथ स्वयले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरु र यस दरखास्त फारममा खुलाएको विवरण साँचो हो। झुठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहन बुझन मेरो हाम्रो मञ्जुरी छ।

पुनश्चः
१. आवेदन फारम भर्नु अघि यस आवेदन फारमको पछाडीपट्टी रहेको दफा नं. १७ अध्ययन गर्नुहुन अनुरोध छ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ।

निवेदकको दस्तखत (Applicant's Signature)

यो रसिद हराई अकलि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः
रसिद
दरखास्तवालाले भर्नुपर्ने
सि.नं.:

Applicant's Name :	
Scheme's Name :	JALVIDHYUT LAGANI TATHA BIKASH COMPANY LIMITED
No. of Units Applied	Call Money per Share Rs. 100/- Amount Deposited (Rs.)
Amount in words:	

For Official use Only:
Received by:
Date: Stamp
Code No.:
चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
निवेदकको दस्तखत (Applicant's Signature)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौ।
फोन नं.: ४७८५३११, ४७८५३२१, फ्याक्स नं. : ४७८५३२०
URL: www.nlk.org.np, Email: cit.cmkt@gmail.com

सह-निष्काशन तथा बिक्री प्रबन्धकहरु :

एन.सि.एम. मर्चेन्ट बैंकिङ्ग लिमिटेड
NCM MERCHANT BANKING LTD.
(एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. को सहायक कम्पनी)
पो.ब.नं.१२०५५ कमलपोखरी काठमाण्डौ।
फोन नं.४४२८५५०, फ्याक्स नं.४४२८६८८

NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड
एनएमबि भवन, बबरमहल, काठमाडौं
फोनः ०१-४२५३०९६, फ्याक्सः ०१-४२५१५४४
इमेलः info@nmbcl.com.np
वेबः www.nmbcapital.com.np